सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ७ ♦ अंक १९० ♦ २०८० साल चैत्र २२ गते विहिवार ♦ 4 April 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## दाउराको चिर्पटले हानेर एक वृद्धाको हत्या

**खबर दर्पण समाचारदाता**

**चैत्र २१ गते, सर्लाही**

सर्लाहीको बागमती नगर पालिकास्थित जिरायतमा एक वृद्धा आफ्नै घरमा मृत फेला परेकी छिन् । मङ्गलबार राति बागमती नगरपालिका-४, जिरायत निवासी ७० वर्षीया पार्वती महतो आफ्नै घरमा मृत फेला परेकी हुन् ।

घटनाको जानकारी पाएलगत्तै जिल्ला प्रहरीका प्रमुख प्रहरी उपरीक्षक दयानिधि ज्ञवाली र इलाका प्रहरी कार्यालय हरिवनका प्रमुख अनिलराज गिरीको टोली घटनास्थल पुगेको थियो ।

प्रहरीले घटना शङ्कास्पद देखिएको जनाएको छ । प्रारम्भिक अनुसन्धानका क्रममा वृद्धाको हत्या भएको शङ्का लागेकाले अनुसन्धानका लागि एक युवकलाई समेत नियन्त्रणमा लिएको प्रहरी उपरीक्षाक ज्ञवालीले जानकारी दिए। घटनाका विषयमा थप अनुसन्धान भइरहेको उनको भनाइ छ ।

मृतक वृद्धाको अनुहारमा चोट देखिएको र नजिकै रगत लागेको अवस्थामा काठको टुक्रा पनि बरामद भएको प्रहरीले जनाएको हो । प्रहरीले सिसी क्यामेराका आधारमा अनुसन्धान गर्दा अन्दाजी २८-३० वर्षका युवक पक्राउ परेको इलाका प्रहरी कार्यालय हरिवनले जनाएको छ ।

अनुसन्धान नसकिएकाले युवकको परिचय गोप्य राखिएको प्रहरीले जनाएको हो । वृद्धाको शव शवपरीक्षणका लागि जिल्लास्थित प्रादेशिक अस्पताल मलङ्गवामा राखिएको प्रहरीले जनाएको छ ।

## मधेस प्रदेशमा धार्मिक द्वन्द्व रोकथाम गर्न प्रहरी अझ संवेदनशील हुन् आवश्यक : अध्यक्ष डा.दत्त



**खबर दर्पण समाचारदाता**

**चैत्र २१ गते, बर्दिवास**

मधेसी आयोगका अध्यक्ष डा. विजयकुमार दत्तले मधेस प्रदेशमा दिन प्रति दिन बढ्दो धार्मिक द्वन्द्व रोक्न प्रहरी अझै संवेदनशील हुन् आवश्यक रहेको बताएका छन् । बुधवार जनकपुरमा मधेसी आयोगका अध्यक्ष डा.दत्त र मधेस प्रदेश प्रहरीका प्रमुख प्रहरी नायव महानिरीक्षक यज्ञ विनोद पोखरेल बिच भएको भेटघाटमा अध्यक्ष डा.दत्तले मधेस प्रदेशमा विगत केही महिना देखी धार्मिक सहिष्णुतामा ठेस पुऱ्याउने कार्यहरू भएको प्रति आयोग एकदम गम्भीर भएको बताएका हुन् ।

समग्र प्रदेशको अवस्था बारे जानकारी लिँदै अध्यक्ष डा.दत्तले सामाजिक सद्भावमा खलल पुऱ्याउने घटना प्रति प्रहरी-प्रशासन सचेत र सतर्क नभएसम्म यस्ता घटना बारम्बार दोहोरिने समेत बताएका छन्। अध्यक्ष डा.दत्तले आयोगमा मधेस प्रदेश बाट कैयौँ घरेलु हिंसा तथा महिला हिंसाका उजुरी प्राप्त भएको बताउँदै यस्ता घटनाहरूमा प्रहरीले तुरुन्त एक्सन लिनुपर्ने समेत ध्यानाकर्षण गराएका छन् ।

सीमा-नाकामा हुने लागूपदार्थ ओसारपसार, मानव तस्करी जस्ता घटनाहरूको रोकथामको लागि आवश्यक रणनीति बनाएर अगाडी बढ्न समेत अध्यक्ष डा.दत्तले प्रहरीलाई सचेत गराएका छन् । सो भेटघाटमा प्रहरी नायव महानिरीक्षक पोखरेलले मधेस प्रदेशको समग्र वस्तुस्थिति बारे अध्यक्ष डा.दत्तलाई जानकारी गराएका छन् ।

## मधेस प्रदेशमा दुर्घटनामा ज्यान जानेको संख्या बर्सेनि बढ्दै

**खबर दर्पण समाचारदाता**

**चैत्र २१ गते, बर्दिवास**




मधेस प्रदेशमा दुर्घटनामा ज्यान जानेको संख्या बर्सेनि बढ्दै गएको छ। राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैयाको तथ्याङ्क अनुसार मधेस प्रदेशका जिल्लामा दुर्घटनाको दर बर्सेनि बढ्दै गएको पाइएको हो ।

मधेस प्रदेशमा चालु आर्थिक वर्षको ७ महिनामा सवारी दुर्घटनाबाट ज्यान गुमाउनेको संख्या २९० पुगेको छ। यस्तै ५ हजार ७२६ जना घाइते भएका छन् ।

मधेसमा पनि बारा जिल्लामा सवारी दुर्घटनाबाट ज्यान गुमाउनेको संख्या उच्च छ । चालु आर्थिक वर्षको ७ महिनामा बारा जिल्लाभित्र भएका ५४७ वटा सवारी दुर्घटनामा ५६ जनाले ज्यान गुमाएका छन् भने ९५३ जना घाइते भएका छन्।

सोही अवधिमा धनुषामा ४४, महोत्तरीमा ३८, सर्लाहीमा ३७, सिरहामा ३३, पर्सा र रौतहटमा ३०/३० जना र सप्तरीमा २२ जनाले सवारी दुर्घटनामै ज्यान गुमाएका छन् ।

गत वर्ष बारामा ९७२ वटा सवारी दुर्घटनामा परी ९८ जनाले ज्यान गुमाएका थिए । गत वर्ष धनुषामा ८४, सप्तरीमा ७० जना सहित मधेस प्रदेशका ८ जिल्लामा ५४६ जनाले सवारी दुर्घटनामा परी

*बाँकी पृष्ठ २ मा*


सामाजिक संचालको प्रयोग गर्दा
रावधानी अपनाऔं
सामाजिक मर्यादाको ख्याल गरौं

सस्तो सुलभ र गुणस्तरीय छपाइको लागि अवश्यक सम्झनु होस् ।

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प




✓फलेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# मधेस प्रदेशमा दुर्घटनामा ज्यान ........................

ज्यान गुमाएका थिए भने ९ हजार ६७० जना घाइते भए । गत आर्थिक वर्ष मधेसमा ५ हजार ९८८ वटा सवारी दुर्घटनाका घटना भएको ट्राफिक प्रहरीको तथ्याङ्क छ ।

यस्तै, आर्थिक वर्ष २०७८-०७९ मा मधेस प्रदेशमा ५ हजार ७ सय ११ वटा सवारी दुर्घटनामा ५८५ जनाको मृत्यु भएको छ भने ९ हजार ४ सय ६४ जना घाइते भएका छन् ।

राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैयाका प्रहरी नायव उपरीक्षक माधव प्रसाद काफ्लेले सडक सुरक्षा तथा दुर्घटना न्यूनीकरणका लागि विद्यालय र समुदायस्तरमा सामुदायिक प्रहरी साझेदारी कार्यक्रम र नागरिकका लागि जनचेतनामुलक कार्यक्रम गरि रहेको बताए ।

मधेस प्रदेशका ८ जिल्लामध्ये र ाजमार्ग धेरै भएको र भित्री तथा हुलाकी सडक खण्ड धेरै भएकाले पनि बारामा दुर्घटना दर अन्य जिल्लाभन्दा धेरै रहेको उनको भनाइ छ ।

बाराको चुरियामाईदेखि अम्लेखगञ्ज-तामागढी-निजगढ २ लेनको साँघुरो सडक खण्ड र भित्री हुलाकी सडक खण्डमा तीव्र गतिमा गुड्ने सवारी साधनका कारण सवारी दुर्घटना धेरै हुने गरेको काफ्ले बताउँछन् । दुर्घटना न्यूनीकरणका लागि मधेस प्रदेश सरकारले २ वर्षअघि बाराको पर्सा राष्ट्रिय निकुञ्ज आधाभार क्षेत्र, काठमाडौँ-तराई/मधेस द्रुतमार्ग छेउ, सप्तरी, सिराहा र महोत्तरीमा गरी पाँच ठाउँमा 'राडार गन' (गति मापन यन्त्र) जडान गरेको थियो ।

प्रति 'राडार गन' २६ लाख खर्चेर १ करोड ३० लाखमा प्रदेश सरकारले ५ ठाउँमा जडान गरेका यी उपकरण २ वर्षमै काम नलाग्ने अवस्थामा छन् । ३ वटा राडार गन बिग्रिएर कामै नलग्ने भएका छन् भने २ वटा मर्मतसम्भार गर्नुपर्ने अवस्थामा रहेको रार्जमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैयाले जनाएको छ ।

सवारी दुर्घटना न्यूनीकरण अन्तर्गत गति नियन्त्रण गर्न 'राडार गन' महत्त्वपूर्ण उपकरण हो ।

## प्रदेश ट्राफिक प्रहरी राजस्व संकलनको लक्ष्यमै केन्द्रित

सरकारले प्रत्येक वर्ष मधेस प्रदेश ट्राफिक प्रहरीलाई राजस्व संकलनको लक्ष्य निर्धारण गरेको हुन्छ । जसले गर्दा ट्राफिक प्रहरी मुख्य काम छोडेर राजस्व संकलनमा केन्द्रित भएको देखिएको छ । राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैयाले हाल दैनिक सरदर १० लाख रुपैयाँ राजस्व संकलन गर्दछ । जसका लागि अम्लेखगञ्जदेखि प्रदेशको राजधानी जनकपुरसम्म दर्जनौँ ठाउँमा सवारी चेकजाँच पोस्ट राखिएको छ ।

प्रदेश ट्राफिक प्रहरीसँगै जिल्ला ट्राफिक प्रहरी कार्यालयले पनि ३ देखि ४ किलोमिटरको अन्तर ालका फरकफरक चेकपोस्ट र ाखेर राजस्व संकलन गर्दै आएको छ । राजमार्ग ट्राफिक प्रहरी पथलैयाले चालु आर्थिक वर्षको माघ मसान्तसम्म १२ करोड ७ लाख ८७ हजार रुपैयाँ राजस्व संकलन गरिसकेको छ । गत आर्थिक वर्ष यो कार्यालयले २६ करोड ८६ लाख ८६ हजार रुपैयाँ राजस्व संकलन गरेको थियो । सो कार्यालयले आर्थिक वर्ष २०७८/०७९ मा २२ करोड ४४ लाख ४० हजार रुपैयाँ राजस्व संकलन गरेको थियो ।

प्रहरी नायव उपरीक्षक माधव प्रसाद काफ्ले राजमार्ग ट्राफिक प्रहरी कार्यालयले दैनिक ९ देखि १० लाखसम्म राजस्व संकलन गर्दै आएको बताउँछन् । उनले प्रत्येक वर्षको लक्ष्यमा थप ५ प्रतिशत बढाएर अगामी आर्थिक वर्षमा राजस्व संकलन गनुपर्ने बाध्यात्मक व्यवस्था भएको बताए ।

गत आर्थिक वर्षमा २६ करोड राजस्व संकलनको लक्ष्य पाएको राजमार्ग ट्राफिक प्रहरी कार्यालयले आर्थिक वर्ष सकिन एक महिनामात्रै बाँकी रहँदा करिव २० करोड रुपैयाँमात्र राजस्व संकलन गरेको थियो । तर आर्थिक वर्षको अन्त्यमा चेकजाँचलाई कडाइ गरेर राजस्वको लक्ष्य प्राप्त गर्न सफल भएको थियो ।

राजमार्ग ट्राफिक प्रहरी कार्यालय पथलैयामा पूर्व प्रहरी उपरीक्षक सन्तोष भट्टराईले सरकारले ट्राफिक प्रहरीलाई मुख्य काम छोडेर राजस्व संकलनमा खटाएको बताए । 'हाम्रो मुख्य काम त सवारी दुर्घटना न्युनीकरण, जनचेतनामुलक कार्यक्रम गर्ने, सवारी नियम उल्लङ्घन गर्नेलाई कारबाही गर्ने हो,' उनले भने, 'अव यो राजस्वको लक्ष्य प्राप्त गर्नेतिर ध्यान दिन परेपछि ट्राफिकले कसरी काम गर्ने ?' ट्राफिक प्रहरीले सवारी नियम उल्लङ्घन गर्दा मापदण्ड हेरेर ५ सय देखि १ हजार ५ सय र अधिकतम् ५ हजार रुपैयाँसम्म जरिवाना गर्ने गर्दछ ।

# व्यवस्थापन र......

मतलब नराखेका कारण विद्यालय यो अवस्थामा पुगेको बताउनुभयो । उहाँका अनुसार बरकुर्वा मावि नामले चिनिएको यो विद्यालय कुनै बेला गुणस्तरीय पढाइ हुने विद्यालयका रूपमा प्रसिद्ध थियो । आज जिल्लाकै सबैभन्दा खराब विद्यालयका रूपमा नाम जोडिँदा खिन्न लाग्ने साहले बताउनुभयो । उहाँले विद्यालयको अवस्था सुधार गर्न खोज्दा प्रधानाध्यापकबाटै असहयोग र अवरोध भएको बताउनुभयो । उहाँले भन्नुभयो, "गुणस्तरीय पढाइ तथा नियमित रूपमा कक्षा सञ्चालन गराउन विद्यार्थी र शिक्षकबिच समन्वय गरायौँ । छोटो समयको प्रयासमै पढाइमा परिवर्तन आउनै लाग्दा प्रधानाध्यापक साहले अवरोध खडा गर्नुभयो ।"

उहाँका अनुसार विनोदकुमार पाल अध्यक्ष रहेको विद्यालय व्यवस्थापन समिति हुँदाहुँदै प्रधानाध्यापकले भित्रभित्रै वडासदस्य शिव राउतको अध्यक्षतामा अर्को व्यवस्थापन समिति बनाइदिएपछि विद्यालय राजनीतिक विवादमा परेको थियो । उहाँका अनुसार १७ जना शिक्षकमध्ये पाँच/छ जनालाई प्रधानाध्यापक साहले आफ्नो 'एस म्यान' बनाएका छन् । उनीहरू विद्यालय उपस्थित नभए पनि तलब लिन्छन् । त्यही सिको अन्य शिक्षकले पनि गर्न थालेका छन् । विद्यालयमा निम्न माध्यमिक तहसम्म नजिकैका गरिब तथा विपन्न मुसहर र मुस्लिम समुदायका बालबालिका पढ्छन् । माध्यमिक तहमा निकै टाढासम्मका प्रायः गरिब परिवारकै विद्यार्थी पढ्न आउँछन् ।

समुदायका गरिब विद्यार्थी पढ्ने हुनाले प्रशासनदेखि स्थानीय सरकारसम्मले विद्यालयको शिक्षा सुधारमा कुनै प्रयत्न नगरेको अभिभावकको भनाइ छ । विद्यालयको शैक्षिक तथा व्यवस्थापन सुधारको माग गर्दै सोही विद्यालयका ११ जना शिक्षकले सबैला नगरपालिकाको शिक्षा शाखा कार्यालयअगाडि केही दिनअघि धर्ना बसेका थिए । प्रधानाध्यापक साहकै कारण पठनपाठन खराब अवस्थामा पुगेको तथा आर्थिक हिनामिना बढेको आरोप उनीहरूको थियो ।

सबैला नगरपालिकाका प्रमुख कारीराम यादवले बरकुर्वा माविको अवस्था लथालिङ्गबारे आफू जानकार रहेको बताउनुभयो । उहाँले केही दिनअघि बसेको सर्वपक्षीय छलफलबाट प्रधानाध्यापक साहमाथि छानबिन गरिने निर्णय भएको जानकारी दिनुभयो । प्रधानाध्यापक साहले आफू विद्यालयलाई राम्रो बनाउने प्रयास गर्दागर्दै पनि चौतर्फी घेराबन्दी गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, "विभिन्न स्वार्थ राखेर मलाई अवरोध गरिरहन्छन् । राम्ररी काम गर्न दिँदैनन् । अहिले पनि विद्यालयमा राम्रो पढाइ हुन्छ ।" गोरखापत्रबाट

# भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - आर्थिक क्षेत्र सबल र हने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**वृष-** व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।

**मिथुन-**प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**कर्कट** - सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ।

**सिंह** -अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन।

**कन्या** - लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**तुला** - समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**वृश्चिक** - समय अनुकुल छ । व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ। यात्रा हुने योग छ। अचल सम्पती जोर्न सकिन्छ ।

**धनु** - सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**मकर** -खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**कुम्भ-** अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

**मीन** -मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ। उपहारआदी प्राप्त हुनेछ ।

# आवश्यक टेलिफोन नम्बरहरू

## जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

## वर्दिवास

| | | | |
|---|---|---|---|
| बर्दिवास अस्पताल | ५५००९० | खानेपानी बर्दिवास | ५५०१४३ |
| ट्राफीक प्रहरी | ५५००५५ | रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ | खानेपानी हात्तीलेट वर्दिवास-८ | ९७०३८९१४२५ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ | शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ | जनसेवा हस्पिटल | ५५०४०६ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ | बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| बर्दिवास नगरपालिका | ५५००३१ | एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| खानेपानि कार्यालय | ५५०११० | IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |
| प्रहरी | ५२०१९९ | | |
| प्रहरी | ५२००९९ | | |
| बर्दिवास दुरसञ्चार | ५५०००० | | |
| विद्युत कार्यालय | ५५०३७२ | | |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ | | |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ | | |

## ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

## जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

## महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

• GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL •

# कर्जा सुरक्षण बापतको धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सुचना

**प्रकाशित मिति: २०८०/१२/२२**

यस गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)को शाखा कार्यालय बर्दिवासबाट तपाई ऋणीले तपसिलमा उल्लेखित अचल सम्पत्ति धितो सूरक्षण दिई कर्जा लिनु भएकोमा उक्त कर्जाको लिखत बमोजिम यस वित्तीय संस्थामा बुझाउनु पर्ने मासिक साँवा, ब्याज, हर्जान ब्याज लगायतका अन्य दै-दस्तुर समेत नबुझाई ऋण कर्जा सम्बन्धी शर्त एवं बन्देज उल्घंन गर्नु भएको र सो सम्बन्धमा तपाईलाई पटक पटक लिखित मौखित तथा घर ठेगानामा समेत आई तरताकेता गर्दा समेत सो ऋण कर्जाको किस्ता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोमा सो सम्बन्धमा कर्जाको सम्पुर्ण साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै-दस्तुरहरु समेत चुक्ता भुक्तान गर्न आउने सम्बन्धि ३५(पैतिस) दिने सूचना प्रकाशित गर्दा समेत ऋण कर्जाको सम्पुर्ण साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै-दस्तुरहरु समेत चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरि बस्नु भएकोले कर्जा लिंदा धितो सूरक्षण स्वरुप लेखिदिएको तपसिल बमोजिमको धितो जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा लिलाम बिक्री गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको १५(पन्ध) दिन भित्र यस वित्तीय संस्थामा उपस्थित भई ऋणीले यस वित्तीय संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पुर्ण साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै(दस्तुरहरु नबुझाएमा प्रचलित अन्य ऐन कानून एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(१) को अधिकार प्रयोग गरी ऋण कर्जा लिंदा धितो सुरक्षण स्वरुप लेखिदिएको तपसिल बमोजिमको अचल सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र द्धारा लिलाम बिक्री गरिने हुँदा उल्लेखित अचल सम्पत्ति लिलाममा खरिद गर्न ईच्छुक महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र यस वित्तीय संस्थाको महोत्तरी जिल्ला बर्दिवास नगरपालिका वडा नं.१ स्थित शाखा कार्यालयमा कार्यालय समय भित्र शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ। साथै तपसिल बमोजिमको धितोबाट यस संस्थाको लेना रकम असुल उपर नभएमा ऋणी तथा व्याक्तिगत जमानी दिनेको घर घराना, चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिने व्यहोरा ऋणी तथा सम्बन्धित व्यक्ति समेतलाई यसै सूचना मार्फत जानकारी गराईन्छ।

**तपसील**

| क्र.सं. | ऋणीको विवरण | सुरक्षण वापत धितोको विवरण | व्यक्तिगत जमानीकर्ता |
|---|---|---|---|
| १. | **सरस्वती फर्निचर उद्योग**<br>फर्म दर्ता नं. :२६१४/२/०६६/०६७<br>फर्म दर्ता मिति :२०६६/०४/०८<br>पान नं.: ३०३८४२७९८<br>पान दर्ता मिति :२०६६/०७/१८<br>व्यवसाय दर्ता भएको कार्यालय :घरेलु तथा साना उद्योग कार्यालय, महोत्तरी<br>ठेगाना : खोपी-०९, महोत्तरी<br>प्रोप्राईटर : विकाउ ठाकुर लोहार<br>कर्जा: व्यापारिक | १. लक्ष्मी ठाकुर लोहारको बुहारी, निर्सु ठाकुरको छोरी बिकाउ ठाकुर लोहारकी एकाघरकी श्रीमती महोत्तरी जिल्ला रामगोपालपुर न.पा. वडा नं. ०९ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला रामगोपालपुर न.पा. वडा नं. ०९ बस्ने श्री पुनम कुमारीको नाममा मालपोत कार्यालय सिन्धुलीमा एकलौटी रुपमा दर्ता श्रेष्ता कायम रहेको सिन्धुली जिल्ला कपिलाकोट गा.वि.स. वडा नं. २/त स्थित कि.नं. २१९ को क्षे.फ. ०-१०-९-०, कि.नं. २२१ को क्षे.फ. ०-७-६-२ र कि.नं. २२३ को क्षे.फ. ०-२-४-१ को जग्गा र मालपोत कार्यालय बर्दिबासमा एकलौटी रुपमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला २५ नं. बहादुरगंज गा.वि.स. वडा नं. ३/क स्थित कि.नं. ३८३६, क्षे.फ. ०-१-१०-० को जग्गा र सो जग्गाले चर्चेको तथा भविष्यमा चर्चने लिग लगापात समेत। | १. नामः विकाउ ठाकुर लोहार<br>ठेगाना : महोत्तरी जिल्ला खोपी गा.बि.स. वडा नं. ०१ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला रामगोपालपुर न.पा वडा नं. ०९ बस्ने<br>बाबु : लक्ष्मी ठाकुर लोहार<br>हजुरबुवा : मुठी लाल ठाकुर लोहार<br>श्रीमती : पुनम कुमारी<br>ना.प्र.नं. ४८४७२८७७<br>मिति : २०६२।०३।२०<br>जि.प्र.का. महोत्तरी<br>२. नामः पुनम कुमारी<br>ठेगाना : महोत्तरी जिल्ला रामगोपालपुर न.पा वडा नं. ०९ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला रामगोपालपुर न.पा वडा नं. ०९ बस्ने<br>बाबु : निर्सु ठाकुर<br>पति : विकाउ ठाकुर लोहार<br>ससुरा : लक्ष्मी ठाकुर लोहार<br>ना.प्र.नं. १८-०२-७७-००३८४<br>मिति : २०७७।०६।०५<br>जि.प्र.का. महोत्तरी<br>३. नामः लक्ष्मी ठाकुर लोहार<br>ठेगाना : महोत्तरी जिल्ला खोपी गा.बि.स. वडा नं. ०१ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला रामगोपालपुर न.पा वडा नं. ०९ बस्ने<br>बाबु : मुठी लाल ठाकुर लोहार<br>हजुरबुवा : नथुनी ठाकुर<br>ना.प्र.नं. ४८६७२३१९<br>मिति : २०३७।०३।२४<br>जि.प्र.का. महोत्तरी<br>४. नामः सीजा देवी<br>ठेगाना : महोत्तरी जिल्ला गौशाला गा.बि.स. वडा नं. ०६ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला रामगोपालपुर न.पा वडा नं. ०९ बस्ने<br>बाबु : भुला ठाकुर लोहार<br>ससुरा : मुठी लाल ठाकुर लोहार<br>श्रीमान : लक्ष्मी ठाकुर<br>ना.प्र.नं.८६४४/२३९५<br>मिति : २०४५।०२।३१<br>जि.प्र.का.महोत्तरी<br>५. नामः शत्रोहन ठाकुर<br>ठेगाना : महोत्तरी जिल्ला खोपी गा.बि.स. वडा नं. ०१ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला रामगोपालपुर न.पा वडा नं. ०९ बस्ने<br>बाबु : लक्ष्मी ठाकुर लोहार<br>हजुरबुवा : मुठी लाल ठाकुर लोहार<br>ना.प्र.नं. १८२०४९/७४८<br>मिति : २०७२।०२। २६<br>जि.प्र.का. महोत्तरी |

**लिलामी बिक्री सम्बन्धी शर्तहरुः**

- शिलबन्दी बोलपत्र यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र प्राप्त भईसक्नुपर्नेछ। सो समय पछि प्राप्त भएका रीत नपुगी वा अमान्य शर्तहरु राखि पेश गरिएको बोलपत्रहरु मान्य हुनेछैन। उल्लेखित समयभित्र प्राप्त भएका बोलपत्रहरु सुचना प्रकाशित भएको मितिले १६ औ दिनमा (सो दिनमा विदा परेमा त्यसको लगतै सरकारी कार्यालय खुल्ने दिनमा) यस वित्तीय संस्थाको कार्यालय, बर्दिवास नपा १ मा खोलिने छ।
- उल्लेखित समय भित्र परेका बोलपत्रहरु कुनै कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस वित्तीय संस्थामा निहीत रहनेछ।
- शिलबन्दी बोलपत्रमा प्रष्टरुपमा ईच्छुक खरिदकर्ताको नाम, ठेगाना, नागिरीकताको फोटोकपी प्राकृतिक व्यक्तिको हकमा तिन पुस्ते विवरण एंव आफ्नो पहिचान खुल्ने कागजात संलग्न गरी आफुले सो अचल सम्पत्ति के कति मुल्यमा खरिद गर्ने हो सो मुल्य अंक र अक्षरमा स्पष्ट खुलाउनु पर्नेछ। बोलपत्र दाखिला गर्दा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुने रकम धरौटी स्वरुप यस कार्यालयमा रहेको खाता नं.............. Margin Deposit Auction मा नगद वा यस वित्तीय संस्थाको नाममा खिचिएको Good For Pyament चेक जम्मा गर्नु पर्नेछ। उक्त रकम बोलपत्र स्वीकृत नभएमा फिर्ता गरिनेछ। धरौटी रकम फिर्ता गरिँदा धरौटी रकमको व्याज दिईने छैन।
- प्राप्त बोलपत्रमा अधिकतम अंक कबोल गर्ने व्यक्तिको कबोल अंक यस वित्तीय संस्थालाई स्विकार्य भएमा सो अचल सम्पत्ति बिक्री गरिनेछ।
- लिलाम बिक्रि हुने अघिल्लो दिन सम्ममा ऋणीको तर्फबाट यस संस्थालाई भुक्तानी गर्नुपर्ने सम्पुर्ण रकम बुझाएमा वित्तीय संस्थाले सो लिलाम बिक्री रद्द गर्न सक्नेछ।
- स्वीकृत बोलपत्रवालाले वित्तीय संस्थाले तोकेको मितिमा धरौटी बाहेकको बाँकी रकम नगद जम्मा गरि सो अचल सम्पत्ति आफ्नो नाममा नामसारी गर्नु पर्नेछ। सो कार्य गर्दा हाल सम्मको बक्यौता तथा कानून बमोजिम लाग्ने नामसारी दस्तुर लगायत अन्य कर शुल्क आदि बोलपत्रवालाले नै ब्यहोर्नु पर्नेछ। तोकिएको समय भित्र बाँकी रकम जम्मा नगरेमा धरौटी बापत जम्मा गरेको रकम जफत हुनेछ।
- बोलपत्र बमोजिम बिक्री गरिने सम्पत्ति हेर्न निरिक्षण गर्न र सो बारे अन्य थप जानकारी चाहिएमा कार्यालय समय भित्र यस वित्तीय संस्थाको शाखा कार्यालय, बर्दिवासमा सम्पर्क राख्न सक्नुहुनेछ।
- बोलपत्र नपरेमा वा परेका बोलपत्र वित्तीय संस्थाले अस्वीकृत गरेमा वा लिलाम बिक्री गर्दा कसैले नसकारेमा उल्लेखित अचल सम्पत्तिको स्वामित्व आफ्नो अनुकुलमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(७) बमोजिम आफ्नो नाममा लिई सोझै बिक्री वितरण गर्न सक्ने ब्यहोरा समेत सूचित गरिन्छ।
- आवश्यक कागजातहरु लगायत उपरोक्त सम्बन्धमा अन्य विस्तृत विवरणका लागि यस वित्तीय संस्थाको शाखा कार्यालय, बर्दिवासमा सम्पर्क राख्न सक्नु हुनेछ।

**गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)**
**GOODWILL FINANCE LIMITED**
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्रप्राप्त राष्ट्रिय स्तरको संस्था

केन्द्रिय कार्यालय
हात्तीसार, काठमाडौं, पो.ब.नं. ८८६७
फोन : ४५४४०३९, फ्याक्स: ४४४३७१४
Email : info@goodwill.net.np

**शाखा कार्यालयहरु**

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| डिल्लीबजार | इन्द्रचोक | भक्तपुर | कुमारीपाटी | त्रिपुरेश्वर | नयाँबजार | ईटहरी, सुनसरी | विर्तामोड | नेपालगंज |
| ४४२२२९० | ५३२९५५४ | ६६२००६७ | ५४०८६९० | ५३३१५३३ | ५९१००३७ | ०२५-५८७७५१ | ०२३-५३०५४८ | ०८१-५३२०५६ |
| घोराही, दाङ्ग | ईलाम | फिदिम | बुटबल | बर्दिबास | धनगढी | नवलपुर | गैडाकोटा | भैरहवा |
| ०८२-५६३३५० | ०२७-५२०९४९ | ०२४-५२३०६८ | ०७१-५३७२८२ | ०४४-५५०२९१ | ०९१-४१७३५७ | ०४६-६७००६० | ०७१-५०१४११ | ०७१-५९०९६३ |

• GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL

# व्यवस्थापन र स्थानीय तहको कमजोर उपस्थितिले विद्यालयको शैक्षिक गुणस्तर जर्जर

**विजयकुमार साह**

**चैत्र २१ गते, ढल्केवर**

कुनै समय धनुषा जिल्लाको उत्कृष्ट एवं प्रतिष्ठित फकिर चन्द गामी माध्यमिक विद्यालयको अवस्था अहिले दयनीय बन्न पुगेको छ । सबैला नगरपालिका-१२, बरकुर्वास्थित सो विद्यालय २०१६ सालमा स्थापना भएको हो । व्यवस्थापन र स्थानीय तहको कमजोर उपस्थितिले विद्यालयको शैक्षिक गुणस्तर जर्जर अवस्थामा पुगेको छ ।

यसै विद्यालयमा पढेका विद्यार्थी सफल राजनीतिज्ञ, मन्त्री, गर्भनर र उच्च ओहदामा पुगेका छन् तर पछिल्लो केही वर्षयता विद्यालयमा पढाइको स्तर खस्किएको छ । विद्यालयको अवस्था अस्तव्यस्त बनेको छ । सबैला नगरपालिकाको शिक्षा शाखाका अनुसार सो विद्यालयमा बालविकासदेखि कक्षा १२ सम्मको पढाइ हुन्छ । विद्यालयमा ५४५ जना विद्यार्थी भर्ना भएका छन् । १७ जना शिक्षक कार्यरत छन् तर पठनपाठन राम्रो नहुँदा दुई सय विद्यार्थी पनि नियमित उपस्थित नहुने बताइन्छ । गुणस्तरीय र पूरा समय पढाइ नहुने भएकाले कम सङ्ख्यामा विद्यार्थी आउने गरेको विद्यार्थीको भनाइ छ । स्थानीयका अनुसार विद्यालय भवन जीर्ण बनेको छ । भवनका भित्ता चर्केका छन् । कतै बरन्डा फुटेका छन् । विद्यालय परिसर मा बनेको नयाँ भवनसमेत प्रयोगविहीन छ । जताततै उम्रेको झाडी, माकुराको जालो र फोहोरमैलाले विद्यार्थी पढ्ने विद्यालय नभएर गाईवस्तुको गोठ जस्तै बनेको छ । स्थानीय विनोदकुमार साहले विद्यालयका




प्रधानाध्यापक बैजु साहले मनपरी प्रशासन चलाउँदा पछिल्लो केही वर्षयता विद्यालयको अवस्था खस्किएको बताउनुभयो ।

उहाँले प्रधानाध्यापकले मनमौजी पारामा विद्यालय प्रशासन चलाएको तथा पठनपाठनप्रति

*बाँकी पृष्ठ २ मा*


## हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**क्षीरेश्वरनाथ नगरपालिका, धनुषा**

## हावाहुरी र आगलगीबाट बचौं

सुख्खा र तातो मौसम चढे लगत्तै हावाहुरीको सम्भावना अधिक भएकोले जथाभावी आगो नबालौं।

बालबालिकाहरुलाई सलाई, लाईटर वा घुँरको आगोबाट टाढा राखौं।

फागुनदेखि बैशाखसम्म सुख्खा मौसम पश्चिमी वायु चल्दा सुख्खापनले आगो लाग्ने सम्भावना अधिक हुन्छ, आगो बालेर नछाडौं।

घरको छाना, घर लगत्तै अधिक मात्रामा सुख्खा दाउरा नराखौं, दाउरा राखेपनि आगोबाट अधिक टाढा राखौं।

माथिल्लो छतहरुमा राखिएको फूलको गमलाहरु हावाहुरीमा सुरक्षित राखौं।

सवारी साधन चलाउने बेलामा हावाहुरी आउँदा रोकेर बसौं।




## डढेलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

**बर्दिवास नगरपालिका, महोत्तरी**








खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : अ (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा